# राज्य र धर्म



## नेपालमा सहभागितामूलक संविधान निर्माण पुस्तिका शृङ्खला
## १

CCD
Centre for Constitutional Dialogue
संवैधानिक संवाद केन्द्र

**संवैधानिक संवाद केन्द्र**

नेपाली

नेपालमा सहभागितामूलक संविधान निर्माण सहयोग परियोजना- युएनडीपी

**प्रकाशक**

संवैधानिक संवाद केन्द्र

पहिलो संस्करण : २०६५ साल

प्रतिलिपि अधिकार © संवैधानिक संवाद केन्द्र सर्वाधिकार सुरक्षित छ । सामग्रीको स्रोतका रूपमा संवैधानिक संवाद केन्द्रप्रति साभार व्यक्त गरी गैरव्यावसायिक प्रयोजनका लागि यस पुस्तिकाका अंशहरू पुनःप्रकाशन र/वा अनुवाद गर्न सकिनेछ । ती पुनःप्रकाशन र/वा अनुवादको एक प्रति संवैधानिक संवाद केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ ।

**साजसज्जा तथा मुद्रण**

प्रिन्ट प्वाइन्ट पब्लिसिङ, त्रिपुरेश्वर, काठमाडौँ ।



**थप जानकारी वा यस पुस्तिकाका लागि निम्नलिखित ठेगानामा सम्पर्क राख्नुहोला :**

संवैधानिक संवाद केन्द्र

तेस्रो र चौथो तल्ला, अल्फा बेटा कम्प्लेक्स, बुद्धनगर, काठमाडौँ

टेलिफोन नं. ९७७-१-४७८५४६६/४७८५४८६/४७८५९९८

ई-मेल : info@ccd.org.np

वेबसाइट : www.ccd.org.np

# राज्य र धर्म

पुस्तिका शृङ्खला १

राज्य र धर्म १
परिचय १
उपयुक्त सन्तुलन ३
नेपालमा राज्य र धर्मबीचको सम्बन्ध ४
संविधानसभाका लागि छलफलका विषयहरू ५
संवैधानिक विकल्पहरू ७

# राज्य र धर्म

नेपालको अन्तरिम संविधान-२०६३ ले नेपाललाई 'धर्मनिरपेक्ष, समावेशी र पूर्ण लोकतान्त्रिक राज्य' र 'बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देश' भनी परिभाषित गरेको छ। 'हिन्दू राष्ट्र' का रूपमा राष्ट्रको पहिचान र राजसंस्थालाई संरक्षण प्रदान गर्ने नेपाल अधिराज्यको संविधान-२०४७ लाई यसले प्रतिस्थापित गरेको छ। व्यापक जनसहभागितामूलक प्रक्रिया अनुसार संविधानसभाद्वारा एउटा नयाँ समावेशी संविधानको मस्यौदा तयार गर्ने काम भइरहेको छ। यसै सन्दर्भमा वर्तमान परिस्थितिमा राज्य र धर्मबीच कस्तो सम्बन्ध हुनुपर्छ भन्ने विषयमा मुलुकभरि छलफल भइरहेको छ।

नेपाल धार्मिक, सामाजिक र सांस्कृतिक विविधता भएको देश हो। यहाँ धेरै धार्मिक तथा जातीय समूहहरू छन्। २०५८ सालमा सम्पन्न जनगणनाले नेपालको जनसङ्ख्यालाई हिन्दू, बौद्ध, मुसलमान, इसाई, किरात र अन्य गरी मोटामोटी छ धार्मिक समूहमा विभाजन गरेको छ। उक्त जनगणनाका अनुसार हिन्दूहरू ८०.६२ प्रतिशत, बौद्ध १०.७४ प्रतिशत, मुसलमान ४.२ प्रतिशत, किरात ३.६ प्रतिशत, इसाई ०.४५ प्रतिशत र अन्य ०.४ प्रतिशत छन्।

यस अवधारणापत्रमा धर्मनिरपेक्षताबाट नेपालमा पर्ने प्रभाव र नयाँ संविधान बनाउने क्रममा संविधानसभाले यस विषयलाई कसरी सम्बोधन गर्नुपर्दछ भन्नेबारे केही चर्चा गरिएको छ। अन्तरिम संविधानले देशलाई 'धर्मनिरपेक्ष' उल्लेख गरिसकेपछि पनि लोकतान्त्रिक प्रक्रियाका क्रममा राज्यले देशका कानुनी प्रावधानहरूलाई धर्मनिरपेक्ष सुहाउँदो बनाउन वा सरकार र धर्मबीचको सम्बन्धलाई न्यून गर्न कुनै पहल गरेको छैन।

## परिचय

राज्य र धर्मबीचको सम्बन्ध परिभाषित गर्ने तथा धर्म र आस्थासम्बन्धी स्वतन्त्रतालाई प्रत्याभूति गरी त्यसलाई संरक्षण प्रदान गर्ने कार्य प्रत्येक देशका लागि चुनौतीपूर्ण छ। धेरै मानिसहरू, विशेषगरी नेपालीहरूको धार्मिक विश्वास र परम्परासँगको भावनात्मक तथा सांस्कृतिक सम्बन्ध प्रगाढ रहेको पाइन्छ। धार्मिक मामिलामा दखल दिन राज्यले गरेका ऐतिहासिक प्रयासहरू प्रायः विफल भएको पाइन्छ। धेरै राज्यहरूले आफूलाई 'धर्मनिरपेक्ष' भनी चित्रित

गरे पनि कुनै पनि राज्यले राज्य र धर्मलाई स्पष्ट रूपले विभाजन गर्न सकेको पाइँदैन । दुवै विषय मानिससँग नजिकबाट जोडिएका छन्[१] ।

राज्यलाई धार्मिक निकाय तथा संस्थाहरूका नचाहिँदा दखलबाट स्वतन्त्र राखी जनताको धार्मिक स्वतन्त्रता र आस्थालाई समान र अविभेदकारी आधारमा संरक्षण प्रदान गर्ने सन्तुलित सम्बन्ध राज्य र धर्मबीच कायम गर्नु सबैभन्दा ठूलो चुनौती हो । धर्मका आधारमा विभेद गर्न नपाइने तथा धार्मिक स्वतन्त्रतासम्बन्धी सिद्धान्तहरूलाई अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा पनि संरक्षित गरिएको छ[२] । धेरै देशमा यस्तो सम्बन्धबारे विस्तृत कुरा संविधानमा नै नियमन गरिएको हुँदैन, त्यसमा केवल धर्मनिरपेक्षतासम्बन्धी सिद्धान्त उल्लेख गरिएको हुन्छ । यसबारे विस्तृत छलफल गरी केही निर्देशक सिद्धान्तहरूमा सहमत हुन सकिए विधायकहरू तथा न्यायिक निकायहरूलाई संविधानसभाको उद्देश्यबारे बुझ्न सहयोग पुग्छ ।

धर्मनिरपेक्ष राज्यले कुनै विशेष धर्मलाई राज्यको मामिलामा राजनीतिक भूमिका निर्वाह गर्न दिनुहुँदैन । यसले सबै धर्म र धार्मिक समुदायहरूलाई समान रूपले व्यवहार गर्दछ । यसले न कुनै धर्म वा धार्मिक समुदायलाई विशेष रूपमा प्रश्रय दिन्छ न कुनै धर्मविरुद्ध विभेद नै गर्छ । यससम्बन्धी अवधारणाहरू हुन् - 'चर्च र राज्यको पृथकीकरण' र 'लाइसिटे'[३] । धर्मनिरपेक्ष नभएको राज्यले कुनै धर्मलाई राज्यको धर्मका रूपमा मान्यता दिनसक्छ वा देशको शासन व्यवस्थामा त्यसलाई निकै प्रभावकारी बनाउनसक्छ । उदाहरणका निम्ति, राज्यले धार्मिक प्राथमिकता तथा परम्पराका आधारमा विशेष नियम बनाई अप्रत्यक्ष रूपबाट कुनै विशेष धर्मलाई प्रश्रय दिनसक्छ ।

यसको उल्टो धर्मनिरपेक्ष राज्यको राज्य धर्म हुँदैन । यसले कुनै विशेष धर्मलाई एकलौटी महत्व पनि दिँदैन । राज्य सञ्चालनमा धार्मिक कानुनको कुनै स्थान हुँदैन । उक्त देशको संविधानले पनि कुनै विशेष धर्मबारे केही उल्लेख गरेको हुँदैन । धर्मनिरपेक्ष देशमा आफूलाई मन परेको धार्मिक आस्थालाई अपनाउन पाउने अधिकार प्रत्येक नागरिकलाई हुन्छ । यसबाट मानिसको

---

१ संवैधानिक रूपमै धर्मनिरपेक्ष राष्ट्रका रूपमा प्रख्यात केही राष्ट्रहरू भारत, फ्रान्स, संयुक्त राज्य अमेरिका, टर्की र दक्षिण कोरिया हुन् ।

२ संयुक्त राष्ट्रसङ्घीय साधारणसभाले सन् १९४८ डिसेम्बर १० मा अङ्गीकार गरेको मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र सन् १९६६ डिसेम्बर १६ मा अङ्गीकार गरेको नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध तुलना गरी हेर्नुहोला ।

३ लाइसिटे (Laïcité) - सरकारी मामिलामा धार्मिक संलग्नता र धार्मिक मामिलामा सरकारी संलग्नता नरहने अवस्थालाई जनाउने धर्मनिरपेक्ष समाजसम्बन्धी फ्रान्सेली अवधारणा ।

धार्मिक स्वतन्त्रता सुनिश्चित हुन्छ र धार्मिक सहिष्णुतालाई व्यवहारमै अनुभव गर्न सकिन्छ । यस्तो नीतिले सबै धर्म र धर्मावलम्बीहरूको मर्यादालाई कायम राख्न सहयोग पुऱ्याउँछ । यसले राज्यका सबै नागरिकलाई समान रूपले सम्मानपूर्वक व्यवहार गर्दछ । नतिजास्वरूप, सबै नागरिकले आ-आफ्ना धार्मिक परम्परा अनुसार आ-आफ्ना धर्म मान्न पाउँछन् ।

यथार्थमा धर्मनिरपेक्षताको स्तर विभिन्न देशमा फरक हुन्छ । राज्यले धर्मसम्बन्धमा केवल तटस्थ स्थिति अपनाउने हो वा धर्मनिरपेक्ष सिद्धान्तहरू तथा लामो समयदेखि प्रचलित धार्मिक परम्परा र रीतिरिवाजबीच प्रायः द्वन्द्व भइरहने समाजमा ती सिद्धान्तहरूलाई अग्रसक्रियताका साथ स्थापित गरी सुरक्षा गर्ने हो र त्यसो गर्नका लागि कस्तो विधि अपनाउनुपर्ने हो भन्ने नै आजको मुख्य प्रश्न हो । विगतमा हिन्दू धर्म र यस धर्म अन्तर्गतका मूल्यमान्यतालाई प्रश्रय दिएपछि जातिप्रथा, वर्णाश्रम र छुवाछूत प्रथालाई मान्यता दिन नेपाल बाध्य भयो । भविष्यमा नेपालले यस्तो प्रथा अन्त्य गर्नुपर्ने मात्र नभई यस्ता विभेदकारी अभ्यासका अवशेषका साथै बहिस्करण तथा सीमान्तीकरणविरुद्ध सक्रियताका साथ कार्य गर्नुपर्नेछ ।

## उपयुक्त सन्तुलन

धर्मनिरपेक्षताको सिद्धान्त अनुसार राज्य र धर्मलाई अलग राखिनुपर्दछ । यससन्दर्भमा विद्यमान चुनौती भनेको सबै नागरिकहरूलाई समान रूपमा संरक्षण प्रदान गर्नुका साथै समान व्यवहार गर्ने तथा जनताका धार्मिक स्वतन्त्रता एवं निश्चित सांस्कृतिक अधिकारलाई प्रभावकारी रूपमा सुनिश्चित गर्ने राज्यको दायित्वबीच प्रभावकारी सन्तुलन कायम गर्नु हो । सामान्यतया यो उद्देश्य राज्य तथा धार्मिक समुदायहरू र तिनीहरूका प्रतिनिधिहरूलगायतसँगको वार्ता र संवादबाट प्राप्त गर्न सकिन्छ । संविधानले केवल आधारभूत सिद्धान्तहरूको व्यवस्था गर्नसक्छ तर राज्य र धार्मिक आस्थाबीच दिगो तथा मर्यादापूर्ण सम्बन्धका लागि कानुन, प्रशासनिक यन्त्र तथा राजनीतिक प्रणाली र अन्तःत सामाजिक रीतिरिवाजले तत्सम्बन्धी विस्तृत व्यवस्था अपनाउनुपर्ने हुन्छ ।

कहिलेकाहीँ धार्मिक प्रचलन धर्मनिरपेक्षतासम्बन्धी कानुनसँग बाझिन गई धार्मिक स्वतन्त्रताबारे विवाद सिर्जना पनि हुनसक्दछ । उदाहरणका लागि, बहुविवाहलाई निषेध गर्ने चलनलाई विभिन्न धर्मनिरपेक्ष राज्यहरूले भिन्न भिन्न तरिकाले सम्बोधन गर्दछन् । केही देशहरूले धार्मिक मामिलालाई कुनै विशेष धर्मावलम्बीहरूलाई मात्र लागू हुने व्यक्तिगत कानुन अन्तर्गत नियमन गरेको हुन्छ । अन्य प्रश्नहरूमा, शैक्षिक सेवासम्बन्धी प्रावधानहरू,

कुनै विशेष धर्मप्रति खुल्ला रूपले निष्ठा जनाउन राजनीतिक दलहरूबाट प्रदान गरिने अनुमति, धार्मिक कार्यक्रमहरूमा राज्यका वरिष्ठ प्रतिनिधिहरूको भूमिका र व्यक्तिनिष्ठ अधिकारका रूपमा धर्मनिरपेक्षता र धार्मिक स्वतन्त्रतासम्बन्धी निर्णय प्रक्रियामा न्यायपालिकाको भूमिका आदि पर्दछन् ।

## नेपालमा राज्य र धर्मबीचको सम्बन्ध

नेपालको स्थापनाकालदेखि नै धर्म परम्परागत रूपमै सार्वजनिक तथा व्यक्तिगत जीवनका साथै राज्य व्यवस्थाको महत्वपूर्ण पक्षका रूपमा रहँदै आएको छ । नेपालको धार्मिक तथा सांस्कृतिक सम्पदा यसको पृथक् विशेषताहरूमध्ये एक हो र यसले देशमा उल्लेखनीय पर्यटकीय सम्भावनाको एक पाटोलाई प्रतिनिधित्व गर्दछ । लिच्छवी, मल्ल र शाहजस्ता नेपालका राजवंशहरूले हिन्दू धर्मलाई राज्य सञ्चालनका क्रममा विशेष महत्व दिएका थिए । यस अर्थमा राज्य सञ्चालन र राजनीतिक निर्णय प्रक्रियाका सबैजसो कार्यमा हिन्दू धर्मको एक प्रकारको प्रभाव सधैँ रहिरह्यो । वि.सं. १९१० मा लागू गरिएको मुलुकी ऐन पनि धार्मिक प्रभावबाट मुक्त थिएन किनभने यसले हिन्दू वर्णाश्रममा आधारित जाति व्यवस्थाका लागि कानुनी आधार सिर्जना गर्ने काम गऱ्यो । त्यतिबेलादेखि नै नेपालको बहुधार्मिक र बहुसांस्कृतिक समाजमा कानुनको विभेदपूर्ण प्रभाव कायमै रहेको छ । वि.सं. २०४७ को प्रजातान्त्रिक परिवर्तनपछि जातमा आधारित भेदभावलाई आधिकारिक रूपमा उन्मूलन गरिए पनि त्यसको अभ्यासले वि.सं. २०६३ को जनआन्दोलनपश्चात् पनि निरन्तरता पाइरह्यो ।

परम्परागत धार्मिक गुठीहरूले सांस्कृतिक धरोहरहरूको संरक्षणदेखि लिएर मानिसहरूको दाहसंस्कारजस्ता महत्वपूर्ण सामाजिक तथा सांस्कृतिक जिम्मेवारीहरू बहन गर्दै आएका छन् । केही वर्ष यतादेखि हिन्दू देवीदेवता र मन्दिरसँग सम्बन्धित सम्पत्ति वा गुठीहरूको व्यवस्थापनमा राज्यको बढ्दो संलग्नता देखिँदै आएको छ । हिन्दू धर्म तथा अनुष्ठानलाई सहयोग पुऱ्याउने तथा हिन्दू धार्मिकस्थलहरूको संरक्षण गर्ने कानुनहरू (उदाहरणका लागि, गुठी संस्थान ऐन) विशेष व्यवस्थाका रूपमा कायमै छन् । कतिपय धार्मिक कार्यहरूका लागि अझै पनि राज्य कोषबाट खर्च गर्ने गरिन्छ ।

आधिकारिक रूपमा नेपालले धर्मनिरपेक्ष राष्ट्रको हैसियत प्राप्त गरे पनि यो सिद्धान्त राज्य र समाजमा समान रूपमा लागू गरिएको छैन । राज्यसञ्चालित टेलिभिजन र रेडियोबाट धार्मिक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । नेपाली पात्रो (पञ्चाङ्ग) र विभिन्न चाडपर्वहरू धार्मिक आस्थामा आधारित छन् । हिन्दू चाडपर्व र विशेष दिनमा दिइने राष्ट्रिय विदाको सङ्ख्या कम

गर्नुको सट्टा धर्महरूप्रति अझ बढी समान व्यवहार गर्ने प्रयासको नाममा सरकारले कतिपय बौद्ध, मुसलमान र इसाई चाडपर्वहरूमा पनि सरकारी बिदा घोषणा गरेको छ। सरकारी कर्मचारीलाई हिन्दू चाड दसैं मनाउन दिइने दसैं भत्ता हालसम्म कायमै छ।

नेपालको कानुन प्रणालीमा हिन्दू धर्मबाट प्रभावित सिद्धान्तहरूको झलक आज पनि देख्न पाइन्छ। व्यक्ति र परिवारसँग सम्बन्धित कतिपय कानुनहरू पुरूषप्रधान हिन्दू मूल्यमान्यतामा आधारित छन्। साहु-आसामीको सम्बन्ध, व्यापारिक प्रचलनहरू, ब्याज, धितो, नासो, घरौटीसम्बन्धी आधुनिक नेपालका कतिपय कानुनहरू र अदालती कार्यविधिले हिन्दू कानुनका केही पक्षहरूलाई स्वीकारेका छन्। त्यस्तै अपुताली, परिवार नियोजन, सम्बन्धविच्छेद, मदिरापान, तास, जुवासम्बन्धी कानुनी व्यवस्थाको पनि धार्मिक आयामहरू रहेका छन्।

## संविधानसभाका लागि छलफलका विषयहरू

नयाँ संविधानले नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गर्ने अपेक्षा गरिए पनि त्यस्तो घोषणाबाट मात्रै धर्मनिरपेक्षताको विशेष उद्देश्य पूरा हुँदैन। यस उद्देश्य हासिल गर्नका लागि मुलुकका संवैधानिक तथा कानुनी व्यवस्थाका साथै सरकारका नीतिहरूको विभिन्न पक्षमा पनि परिवर्तन ल्याउनु जरुरी छ। विभिन्न धार्मिक समुदायहरूसँग संवाद र नेपाली जनताका सांस्कृतिक तथा सामाजिक परम्पराहरूको सम्मानबाट मात्र यसलाई हासिल गर्न सकिन्छ।

धर्मनिरपेक्षता भनेको धर्मविरोधी प्रावधान होइन। यसले केवल राज्यलाई धर्मबाट अलग राख्ने काम गर्दछ। यसले राज्य र धर्मलाई दुई स्वतन्त्र अस्तित्व भएका विषयका रूपमा लिने गर्दछ। धर्मनिरपेक्षताले सबै व्यक्ति तथा सामाजिक समूहहरूको प्रजातान्त्रिक अधिकारको संवर्द्धन गर्दछ। यसले समानता एवं सामाजिक न्याय प्रवर्द्धन गर्दछ। यस पृष्ठभूमिमा नयाँ संविधान बनाउने क्रममा संविधानसभाले नेपालमा कस्तो धर्मनिरपेक्षताको व्यवस्था गर्ने भन्ने विषयमा विस्तारपूर्वक छलफल गर्नुपर्छ। यसो गरिएमा देशमा धर्मनिरपेक्षतालाई संस्थागत गर्न र त्यसलाई व्यवहारमा लागू गर्न एउटा 'मार्गचित्र' पनि कोर्नसकिनेछ।

**छलफलका लागि सम्भावित बुँदाहरू निम्नानुसार हुनसक्छन् :**

» धर्मबाट राज्यको पृथकीकरण,

» धार्मिक स्वतन्त्रताको संरक्षण (धर्म वा आस्थासम्बन्धी अधिकार, स्वेच्छिक धर्म परिवर्तनसम्बन्धी स्वतन्त्रता, भिन्न धार्मिक आस्था भएका व्यक्तिहरूको सुरक्षा, कुनै

पनि धार्मिक समुदायहरूविरुद्ध विभेदको अन्त्य, सबै धार्मिक संस्थाबीच समानताको सुनिश्चितता, कानुनको समान संरक्षण, आफ्नो धर्म, आस्था वा धार्मिक अनुष्ठानलाई मान्ने अधिकार),

- » भाषिक, सांस्कृतिक वा धार्मिक अल्पसङ्ख्यक समूहहरूविरुद्ध हुनसक्ने धार्मिक विभेदसम्बन्धी विषय,
- » आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्नेसम्बन्धमा हरेक धार्मिक संस्थाको अधिकार र धार्मिक महत्वका भौतिक संरचना वा स्थानहरूको निर्माण, संरक्षण वा व्यवस्थापन गर्ने विषय,
- » राज्यभित्र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै धर्म प्रवर्द्धन गर्ने कानुनहरूको विषय,
- » राज्यले मूल पुरोहित वा अन्य पुरोहितहरू नियुक्त गर्ने परम्पराको विषय,
- » कुनै निश्चित धर्मको प्रवर्द्धनका लागि राज्यकोषको प्रयोगसम्बन्धी विषय (ऐतिहासिक, पुरातात्विक वा सांस्कृतिक सम्पदाको मर्मतसम्भारका लागि राज्यद्वारा धार्मिक संस्थालाई उपलब्ध गराइएको रकम,
- » भिन्न धार्मिक आस्था मान्ने धार्मिक संस्था वा समूहहरूलाई दिइएका विशेष अधिकारहरूको पुर्नमूल्याङ्कनको विषय,
- » निश्चित धर्म वा आस्थाका आधारमा सञ्चालन गरिएका विद्यालयहरूको नयाँ स्वरूप कस्तो हुनुपर्छ भन्ने विषय,
- » कुनै खास धर्मसँग मात्र नभई सबै धर्म तथा आस्थाहरूसँग सम्बन्धित शिक्षा दिने वा नदिने भन्ने विषय,
- » ऐतिहासिक तथ्यका रूपमा धर्मलाई प्रस्तुत गर्ने वा कुनै एउटा धर्मलाई अर्कोभन्दा ठूलो भन्ने शिक्षण विधिसम्बन्धी विषय,
- » विभिन्न धर्मसँग सम्बन्धित सार्वजनिक विदाको विषय,
- » राज्यद्वारा सञ्चालित रेडियो वा टेलिभिजनबाट प्रसारण हुने धार्मिक कार्यक्रमहरूको समीक्षा तथा यससम्बन्धमा सबै धर्मलाई समतामूलक तथा निष्पक्ष रूपमा समान सुविधा उपलब्ध गराउने विषय,
- » निश्चित धार्मिक क्रियाकलाप तथा अभ्यासहरूमाथि न्यायोचित प्रतिबन्ध लगाउने विषय,
- » धर्म परिवर्तनसम्बन्धी नियम तथा प्रक्रियाहरूको मूल्याङ्कनको विषय ।

# संवैधानिक विकल्पहरू

धर्मनिरपेक्षता अपनाउन र/वा यसलाई व्यवस्थित गर्नका लागि संविधानसभासमक्ष धेरै विकल्पहरू छन् । ऐतिहासिक रूपमा धर्मनिरपेक्षतालाई संस्थागत गर्दा निकै महत्व दिइने विषयहरूमा धार्मिक स्वतन्त्रताको संरक्षण; राज्यधर्मको अनुपस्थिति; कुनै धर्म विशेषको फाइदाका लागि राज्यबाट रकम प्रदान गर्ने व्यवस्थाको अन्त्य; मुलुकको कानुन प्रणालीलाई धार्मिक प्रभावबाट मुक्ति; शैक्षिक प्रणालीको आधुनिकीकरण तथा खुला बनाउने; धर्म परिवर्तनका लागि स्पष्ट र सरल कानुन र कार्यविधिहरूको निर्माण तथा जुनसुकै धार्मिक आस्थाको व्यक्ति भए पनि सार्वजनिक पद धारण गर्न पाउने अवसरको सिर्जना जस्ता विषयहरू पर्दछन् । केही विकल्पहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

| विकल्पहरू | सबल पक्षहरू/फाइदाहरू | मुख्य चुनौतीहरू |
|---|---|---|
| १.धर्म र राज्यलाई पूर्णतः अलग्याइनुपर्दछ भन्ने मान्यता । | » अवधारणागत स्पष्टता,<br>» धार्मिक स्वतन्त्रताको समान संरक्षण,<br>» राज्यको हस्तक्षेपबाट मुक्त धार्मिक संस्थाहरू,<br>» धर्माधिकारीहरूले गरेका व्याख्याहरूबाट अप्रभावित राज्य,<br>» प्रतिबन्धबाट मुक्त धार्मिक अभ्यास । | » राष्ट्र निर्माणका लागि विभिन्न धर्मबाट पाउनसक्ने महत्वपूर्ण भावनाहरू (राष्ट्रप्रेम, सामाजिक सद्भाव, आम नैतिकता, असल उद्देश्य इत्यादि) बाट राज्य बञ्चित,<br>» महिलाविरुद्धको विभेद वा केही सामाजिक समूहहरूविरुद्धको विभेद जस्ता विभिन्न धर्महरूबाट संरक्षित हानिकारक अभ्यासहरूबाट उत्पन्न हुने समस्याहरू । |
| २. धार्मिक मुद्दाहरूका सन्दर्भमा राज्य तटस्थ बस्नुपर्दछ भन्ने मान्यता । | » धर्म व्यक्तिगत कुरा हो भन्ने स्वीकारोक्ति,<br>» धार्मिक स्वायत्तता,<br>» धार्मिक स्वतन्त्रतालाई समान संरक्षण । | » सामाजिक रूपान्तरणका लागि प्रतिबद्ध समाजका लागि तटस्थतालाई प्रश्रय दिने कार्य निकै चुनौतीपूर्ण हुनसक्छ ।<br>» सामाजिक असमानताहरू हटाउने कार्यमा कठिनता । यसका लागि एउटा रणनीति हुनुपर्छ र त्यस्तो रणनीति धार्मिक संस्थाहरूसँगको सहकार्य तथा सहयोगमा बनाइनुपर्दछ । |

| | | |
|---|---|---|
| ३. सबै धर्मको समान संरक्षण हुनुपर्ने मान्यता । राज्यले न कुनै धर्मलाई स्थापित गर्दछ न त निषेध नै । | » धार्मिक स्वतन्त्रता; सबै धर्म समान रूपमा संरक्षित,<br>» मानव समुदायमा धर्मको सकारात्मक प्रभावप्रति स्वीकारोक्ति,<br>» धर्मनिरपेक्षताले विभेदपूर्ण धार्मिक क्रियाकलाप वा सार्वजनिक नीतिहरूविरुद्ध जनतालाई संरक्षण प्रदान गर्दछ । | » व्यवहारतः सबै धर्महरूलाई समान संरक्षण दिने काम सजिलो छैन । |

वास्तवमा सङ्घीयताका धेरै नमुनाहरू छन् र समयका विभिन्न कालखण्डमा सामाजिक आवश्यकता र विशेषता अनुसार तिनीहरू विकसित भइरहन्छन् । नेपालका लागि उपयुक्त धर्मनिरपेक्षताका नमुना चयन तथा अनुमोदनका लागि संविधान निर्माताहरूसमक्ष तथा त्यसलाई कार्यान्वयन गर्नका लागि विधायकहरूसमक्ष पर्याप्त अवसर छ । त्यसो गर्दा राष्ट्रका रूपमा नेपालको विशेष परिस्थितिलाई ध्यानमा राख्नुका साथै मानव अधिकार र विभेदविरुद्धका अन्तर्राष्ट्रिय मापदण्डसमेतलाई सुनिश्चित गरिनुपर्दछ ।

# पुस्तिका-शृङ्खलाबारे

संविधानसभाका सदस्यहरू तथा इच्छुक सर्वसाधारणलाई संविधान निर्माण प्रक्रियासम्बन्धी आधारभूत जानकारी उपलब्ध गराउनु नै यस पुस्तिका-शृङ्खलाको उद्देश्य हो । यी प्रकाशनहरू संवैधानिक परिणामबारे कुनै पनि किसिमबाट पूर्वानुमान गर्ने अवधारणापत्र वा प्रस्ताव वा मनसाय होइनन् । यो शृङ्खला संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) को 'नेपालमा सहभागितामूलक संविधान निर्माणका लागि सहयोग' (एसपीसीबीएन) परियोजनाको समन्वयमा नेपाली तथा अन्तर्राष्ट्रिय संविधानविद्हरूको सामूहिक प्रयासको प्रतिफल हो ।

यी पुस्तिकाहरूलाई अझै परिस्कृत बनाउन प्रतिक्रिया तथा टिप्पणीका लागि विशेष अनुरोध छ । बढीभन्दा बढी सुसूचित, प्रतिबद्ध र रचनात्मक छलफललाई प्रोत्साहित गर्न यी प्रकाशनहरू सफल भएमा नै अपेक्षित उद्देश्य हासिल हुनेछ । प्राप्त टिप्पणीहरूका आधारमा यी पुस्तिकाहरूका नयाँ तथा अतिरिक्त संस्करणहरू तयार गर्न सकिनेछ ।

यो शृङ्खलालाई नेपालका केही प्रमुख राष्ट्रभाषाहरूमा अनुवाद गर्ने क्रममा उच्च गुणस्तर कायम राख्ने तथा सम्बन्धित भाषाका बहुसङ्ख्यकले बुझ्ने सही शब्दावली प्रयोग गर्ने हरसम्भव प्रयास गरिएको छ । शब्दावलीको उपयुक्त तथा सही प्रयोगबारे विभिन्न भाषिक समुदायहरूबीच भविष्यमा छलफल तथा बहसहरू हुने अपेक्षा गर्न सकिन्छ । संवैधानिक संवाद केन्द्रको उद्देश्य त्यस्ता बहसहरूलाई कुनै पनि प्रकारले छायाँमा पार्नु नभई ती भाषाहरूलाई पनि समावेश गरेर यस प्रयासमा समावेशिता र पहुँचको अधिकतम वृद्धि गर्नु हो ।

देशमा संविधान निर्माणसँग सान्दर्भिक विषयवस्तुबारे संवैधानिक संवाद केन्द्रले तयार गर्न लागेको शृङ्खलावद्ध पाठ्यसामाग्रीहरूको एउटा अंश यो पुस्तिका हो ।

सभासद्हरूका साथै यस विषयवस्तुमा चासो राख्ने सर्वसाधारणलाई प्रमुख संवैधानिक अवधारणा तथा मुद्दाहरूमा सरिक गराउनु यस शृङ्खलाबद्ध प्रकाशनको उद्देश्य हो । शृङ्खला अन्तर्गतका प्रत्येक पुस्तिका नेपालमा बोलिने प्रमुख भाषाहरू (नेपाली, मैथिली, भोजपुरी, थारु, मगर, तामाङ्ग, नेवार) र अङ्ग्रेजी भाषामा उपलब्ध छ । यी पाठ्यसामग्रीहरूका श्रव्य संस्करण (क्यासेट, डीभीडी) पनि उपलब्ध हुनुका साथै यिनीहरूलाई अनलाइनमा पनि राखिएको छ ।

पहिलो चरणमा यस प्रकाशन शृङ्खलामा समेटिने विषयवस्तुहरू यसप्रकार छन् : राज्य र धर्म, सङ्घीय प्रणाली, संविधानमा मानव अधिकार, आदिवासी जनजातिका अधिकार, अल्पसङ्ख्यकहरूका अधिकार, सरकारका प्रणालीहरू, स्वतन्त्र न्यायपालिका, स्थानीय स्वशासन, विविधता र सामाजिक समावेशीकरण र सहभागितामूलक संविधान निर्माण प्रक्रिया ।

**संवैधानिक संवाद केन्द्र**
तेस्रो र चौथो तल्ला, अल्फा बेटा कम्प्लेक्स, बुद्धनगर, काठमाडौं
टेलिफोन नं. ९७७-१-४७८५४६६/४७८५४८६/४७८५९९८
ई-मेल : **info@ccd.org.np**
वेबसाइट : **www.ccd.org.np**

